नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
**बुद्धनगर, काठमाडौं ।**

## समस्याग्रस्त घोषित श्री लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्थाबाट सञ्चालित चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. १२ मा रहेको काउ फार्ममा रहेका गाईहरुको व्यवस्थापन गर्ने सम्बन्धमा प्रकाशित ७ (सात) दिने सूचना

**प्रकाशित मिति : २०८१/०८/१४ गते**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८०/११/२९ को निर्णयानुसार समस्याग्रस्त घोषित श्री लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएको, सहकारी संस्थाबाट सञ्चालित श्री लालिगुँरास डेरि फर्म एण्ड रिसर्च सेन्टरको नामबाट चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. १२ मा सञ्चालित श्री लालिगुँरास काउ फार्ममा रहेका दुध दिने, बच्चा जन्माउने, बच्चा गरी करीव २९६ गाईहरु रहेकोले सहकारी ऐन, २०७४ को दफा १०६ को खण्ड (ज) बमोजिम उक्त काउ फार्ममा रहेका गाईहरु बेचविखन व्यवस्थापन गर्नु पर्ने भएकोले इच्छुक तोकिएको म्याद भित्रै यस सहकारीमा दावी गरेका बचतकर्ता, न.पा. भित्रका कृषि सहकारी संस्था लगायत इच्छुक खरीदकर्तालाई सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस समितिले निर्धारण गरेको मूल्य बमोजिम काउ फार्मको कार्यालय खैरहनी न.पा., वडा नं. १२ तथा यस समितिको कार्यालय बुद्धनगर, काठमाडौंमा आशय सहितको निवेदन दर्ता गर्न सक्ने गरी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना यस समितिको WebSite: coopmc.gov.np गई हेर्न सकिने समेत जानकारी गराईन्छ ।